सर्वोच्च अदालत
काठमाडौं

मितिः २०७८।३।२७

## अदालतको नियमित प्रयोगकर्तासम्बन्धी सूचना

सर्वोच्च अदालत नियमावली, २०७४ को नियम १६२(अदालतको नियमित प्रयोगकर्ता) मा व्यवस्था गरिए बमोजिम सर्वोच्च अदालतमा विचाराधीन मुद्दाहरु मध्ये लगाउ बाहेकका तीन वा सो भन्दा बढी भिन्न भिन्न पक्षहरु भएका मुद्दामा वारेश बसेको वा बस्ने व्यक्तिले निवेदन सहित तोकिएको ढाँचामा फारम भरी, उक्त फारममा उल्लेख गरिएका कागजातहरु संलग्न गरी मिति २०७८।०४।०७ गते भित्र सर्वोच्च अदालत प्रशासन शाखामा दरखास्त दिनुहुन सम्बन्धित सबै महानुभावहरुका लागि यो सूचना प्रकाशित गरिएको छ। नियमित प्रयोगकर्ताको सम्बन्धित फारम यस अदालतको सूचना कक्षबाट लिनसक्नुहुनेछ।

उपरोक्त बमोजिम अदालतको नियमित प्रयोगकर्ताको रुपमा अभिलेख अद्यावधिक नगराइएका व्यक्तिलाई अर्कोको मुद्दामा वारेशको हैसियतले प्रतिनिधित्व गर्न नपाउने गरी निषेध गर्न सकिने व्यहोरा समेत यसै सूचनाद्वारा जानकारी गराइन्छ।

२०७८/०३/२६

प्रशासन शाखा
सर्वोच्च अदालत